
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २९ गते शनिबार ❑ 11 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## समृद्ध नेपाल, सुखी नेपाली अभियान पूरा गर्नुपर्छ : महासचिव पोखरेल

पोखरापत्र संवाददाता
दमौली, २८ बैशाख



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखेलले पार्टी देश निर्माणको अभिभारा बोकेर अगाडि बढेको बताउनुभएको छ ।

नेकपा (एमाले) तनहुँको शुक्रबार यहाँ आयोजित दसौँ अधिवेशनको उद्घाटन गर्दै उहाँले समाजलाई बदल्ने सङ्कल्प बोकेर पार्टी अगाडि बढेको बताउनुभयो । उहाँले पोखेलले भन्नुभयो, "देश बनाउने मुख्य अभिभारा बोकेर पार्टी हिँडेको छ । समृद्ध नेपाल, सुखी नेपाली अभियान पूरा गर्नुपर्नेछ ।" आर्थिक, सामाजिक विकास अहिलेको आवश्यकता रहेको बताउँदै महासचिव पोखेलले विगतमा राजनीतिक परिवर्तनको यात्रामा धेरै समय खर्चिएको बताउँदै भन्नुभयो, "अब राजनीतिक परिवर्तनको यात्रा होइन । जनताको जीवन परिवर्तन गर्ने यात्रामा अगाडि बढ्नुपर्छ ।" कार्यक्रममा नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिव गोकर्ण विष्ट, सचिव पद्मा अर्याल, स्थायी कमिटी सदस्य किरण गुरुङ, पोलिटब्यूरो सदस्य टुकराज सिग्देललगायतले पार्टीलाई एकढिक्का बनाउनुपर्ने अहिलेको आवश्यकता रहेको औँल्याउनुभयो । अधिवेशनले पार्टीको नयाँ नेतृत्व चयन गर्नेछ । अधिवेशनमा पाँच सय ८७ प्रतिनिधि सहभागी रहेको पार्टी अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । अधिवेशनका लागि हालका उपाध्यक्ष हरिराज कँडेल र पूर्वप्रदेश कमिटी सदस्य विष्णुभक्त सिग्देल आकाङ्क्षी छन् ।

## आठौँ पोखरा स्पोर्ट्स अवार्ड सम्पन्न
### वर्ष उत्कृष्ट खेलाडी अर्जुन र सुस्मिता

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको आठौँ संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०८० सम्पन्न भएको छ ।

पोखरा सभागृह हलमा भव्य समारोहकाबीच शुक्रबार आयोजना भएको अवार्ड कार्यक्रम अन्तरगत वर्ष खेलाडी पुरुषको उपाधि क्रिकेटका अर्जुन कुमालले जित्न सफल बने । यो विधाको मनोनयनमा कुमालसँगै टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा परेका थिए । वर्ष खेलाडी महिला विधाको अवार्ड आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगरले हात पारिन् । यो विधामा सुस्मितासँगै आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही मनोनयनमा परेका थिए । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्न सफल भए ।

१७ वर्ष मुनिका खेलाडीबीच प्रतिष्पर्धा भएको उदियमान खेलाडी विधाको अवार्ड ब्याडमिन्टनकी दिलासा रानाको पोल्टामा पयो । राना सहित क्रिकेटकी ज्योत्सनिका मरासिनी र एथलेटिक्सका बादल कार्की यो विधाको मनोनयनमा परेका थिए । वर्ष उत्कृष्ट प्रशिक्षक विधामा भलिबलका रमेश केसी अब्बल बने । केसी सहित टेनिसका नीरज थापा र क्रिकेटका रिजन प्रजु मनोनयनमा परेका थिए । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी प्राप्त गरे । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो । यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्ललाई अर्पण गरियो । मल्ललाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिएको हो । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड सहारा क्लब पोखरालाई प्रदान गरियो । वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्ड रोहितराज पराजुलीलाई अर्पण गरियो । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा अवार्ड प्राप्त गरे ।

यसैगरी ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अन्तरराष्ट्रिय वरियता प्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष (स्पेशल) अवार्डबाट सम्मान गरियो । अवार्ड बिजेता तथा मनोनयनमा पर्न सफल सबैजनालाई गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, आर्थिक मामिलामन्त्री हरिबहादुर चुमान, सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सीता सुन्दास, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, राखेप बोर्ड सदस्य राजेश कुमार गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव श्रीधर शर्मा, मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतले अवार्ड र मनोनयन ट्रफी सहितका पुरस्कार हस्तान्तरण गरें ।

अवार्ड वितरण गर्न रोहितराज पराजुलीको संयोजकत्वमा प्रतिभा छनोट समिति निर्माण गरिएको थियो । जसको सदस्यमा प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठक, मञ्चका पूर्व सल्लाहकार सुदर्शन रन्जित तथा मञ्चका सदस्यहरु विजय नेपाली, धन बहादुर गुरुङ सुमन र रिखिराम जिसी सदस्य रहेका थिए । यसैगरी उत्कृष्ट खेल पत्रकार छनोट समितिको संयोजकमा मञ्चका पूर्व अध्यक्ष विनोद लामिछाने रहेका थिए । यो समितिको सदस्यमा पत्रकार महासंघ गण्डकी प्रदेश महासचिव गोविन्द सुवेदी, पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, पूर्व पुरस्कृत सागरराज तिमिल्सिना, मञ्चका सदस्य उमेश पुन सदस्य रहेका थिए । दुवै समितिको पदेन सदस्यमा मञ्चका अध्यक्ष दीननाथ बराल रमहासचिव राजाराम पौडेल रहेका थिए ।

अवार्ड कार्यक्रममा चर्चित गायक प्रकाश सपुतको प्रस्ततीमा दर्शकहरु रमाए । उनले आफ्ना चर्चिच गीत सुनाउदै माहोल रमणीय बनाउँदा दर्शकले नाँचेर साथ दिएका थिए । सपुतका अलावा गायक सन्तोष बस्याल, निर्मल दाहाल, नृत्यतर्फ तरेली साँस्कृतिक परिवारको लाठी, कौरा र झ्याउरे नृत्यले समेत अवार्ड कार्यक्रममा रौनकता थप्यो । अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहेको छ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको थियो । पोखरा महानगरपालिकाको समन्वयमा भएको कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदले सघाएको छ । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको थियो । उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल, वर्ष उत्कृष्ट खेल पत्रकारको पुरस्कार स्व. सेनानी हेमबहादुर पुनको परिवार, लाइफटाइम अचिभमेन्ट अवार्ड सुपर मादी हाइड्रो पावर लिमिटेडले प्रायोजन गर्ने सम्झौता गरेका थिए ।

## गण्डकीका मुख्यमन्त्रीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले शुक्रबार मुख्यमन्त्री अधिकारीलाई दीर्घकालीन असर गर्ने निणर्य तत्काल नगर्न नगराउन अन्तरिम आदेश गरेको हो । सोही विषयमा आगामी जेठ ८ गते पेसी तोक्दै अग्राधिकार दिनेसमेत आदेश गरेको छ । आदेशमा भनिएको छ, "मुख्यमन्त्रीको पद कायम रहने वा नरहने विषयमा र प्रदेशसभाको मुख्यमन्त्री नियुक्ति प्रयोजनका लागि संविधानले तोकेको बहुमत सङ्ख्या कति हो सो प्रश्नसमेतको न्याय निरुपण हुने नै हुँदा सो निर्णय नहुँदासम्म गण्डकी प्रदेश सरकारको नियमित कार्य सञ्चालनबाहेक विपक्षीमध्येका खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रदेशलाई दीर्घकालीन असर पर्नेगरी कुनै निर्णय नगर्नू, नगराउनू ।" गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पाएको विश्वासको मत असंवैधानिक भएको उल्लेख गर्दै नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । विश्वासको मत लिँदा प्रदेशसभाको बुहमतको अवैधानिक रूपमा गणनागरी विश्वासको मत पाएको रिट निवेदनमा छ । गण्डकी प्रदेशसभामा ६० सदस्य रहेकामा ३० मत मुख्यमन्त्री अधिकारीले पाउनुभएको थियो । बहुमत पुग्नका लागि ३१ मत हुनुपर्ने रिट निवेदनमा दाबी गरिएको छ ।

## एन प्याक्सन कास्कीद्धारा १ हजार २ सय शिक्षकलाई तालिम

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख




नेशनल प्याक्सन कास्कीको आयोजनामा शिक्षकहरुका लागि दुई दिने क्षमता अभिवृद्धि तालिम शुरु भएको छ ।

दुई दिन सम्म चल्ने उक्त तालिममा एन प्याक्सनमा आवद्ध मन्टेश्वरी देखि कक्षा १२ सम्मका १ हजार २ सय शिक्षकको सहभागिता रहेको छ । एन प्याक्सनमा आवद्ध विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यका साथ तालिमको आयोजना गरिएको एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए । 'एन प्याक्सनको वार्षिक कार्यक्रम अन्तर्गत शैक्षिक सत्रको शुरुवातसँगै शिक्षकहरुलाई तालिम दिइएको हो' अधिकारीले भने,' नेपालक सरकारले ल्याएको एकिकृति पाठ्यक्रम अन्तर्गत रहेर तालिमको आयोजना गरेकोले तालिम उपलब्धिमूलक हुने छ ।' सामि एजुकेशन डेभलपमेण्ट एण्ड रिसर्च कम्पनीका कार्यक्रम संयोजक सन्तोष बुढाथोकी एकिकृति पाठ्यक्रम अन्तर्गत रहर नै तालिममा सहजिकरण गरिने बताए । तालिममा बुढाथोकीसँगै यदुनाथ पौडेल, सुभाष गौतम, सचिता सुवाल, कृष्णप्रसाद सिग्देल, पुस्कर चौधरी, केदारप्रसाद ढकाल, शंकर भण्डारीले सहजिकरण गरेका छन् ।

तालिमको उद्घाटन गर्दै पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले सचेत नागरिक वनाउने काम योग्य शिक्षकले गर्ने बताए । 'सचेत र र योग्य नागरिक बनाउनका लागि शिक्षकको भूमिका महत्वपूर्ण रहेको छ' उनले भने,' आफ्ना हरेक समस्यालाई पर सारेर पनि शिक्षाको क्षेत्रमा शिक्षकले खेलेको भूमिका पंशशनिय छ ।'

उनले नेपाल सरकारले प्रष्ट योजना वनाउन नसक्दा विद्यार्थीहरु विदेश जानेको गरेको कुरा याथर्थ रहेको उल्लेख गरे । 'विद्यार्थीलाई नेपालमा नै वस्ने माष्टर प्लान वनाउन नसक्दा विद्यार्थी विदेशीने गरेको याथार्थ हो' उनले भने,' विद्यार्थीलाई नेपालमा नै वस्ने वातवरण वनाउनका लागि योजान आवश्यकता छ ।' एकिकृति पाठ्यक्रमले शिक्षा विधीलाई कक्षा कोठामा कसरी लागू गर्न सकिन्छ भन्ने रहेको बताउदै यसै अन्तर्गत रहेर तालिम दनि आग्रह गरे । नेशनल प्याक्सन गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर मोचीले जिन्दगी वाच्न सक्ने शिक्षा अहिलको आवश्यकता रहेको बताए । 'शिक्षकको एक गल्तीले हजारौ विद्यार्थीको भविश्य विग्रन सक्छ । तसर्थ शिक्षक एक जिम्मेवार नागरिक भित्र पर्दछ' उनले भने,' शिक्षकले पुस्तकको सहायताले जिन्दगी वाच्ने खालको शिक्षा दिन सक्नुपर्दछ ।' एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तथा कार्यक्रम संयोजक मनकाजी गुरुङ र सचिव प्रेमराज अधिकारीले बोलेका थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महेन्द्रपुल यु २३ बास्केटबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

महेन्द्रपुल युथ क्लबको आयोजनामा पहिलो पटक यु२३ खुल्ला बास्केटबल प्रतियोगिता सुरु भएको छ।

क्लबले पोखरा रंगशाला स्थित बास्केटबल कोर्टमा फाइभ वाई फाइभ बास्केटल प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिताको पहिलो दिन दुई क्वाटरफाइनलका खेलसहित कुल सात खेल सम्पन्न भएका छन्।

पहिलो क्वाटरफाइनल खेलमा समूह वि मा रहेको अर्चलबोले हरिनाशलाई ५३-४१ को स्कोरटमा पाखा लगाउँदै सेमीफाइनलमा प्रवेश गरेको छ। यस्तै समूह ए तर्फ पर्वतले अर्घौ पुन मगर समाजलाई ५९-३८ को स्कोरमा हराउँदै सेमीफाइनलको यात्रा तय गरेको हो। त्यसअघि भएको प्रिक्वाटरफाइनल खेलमा पहिलो खेलमा अर्चलबोटले



गलेश्वरलाई ५१-३७ र पर्वतले घोरेपानीलाई ५६-५० ले हराएको थियो। अन्य प्रिक्वाटरफाइनलका खेलमा आयोजक महेन्द्रपुल क्लबले गगनगौडालाई ४९-४२, केविए सेतोले सिक्लेसलाई ५५-३०, पिप्ले बास्केटबल क्लबले केविए कालोलाई ६०-२८ को स्कोरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको बाकीँ क्वाटरफाइनलकाखेलसँगैसेमीफाइनल र फाइलन खेल शनिबार हुनेछ।

खेलकुद प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका उप प्रमुख मन्जुदेवी गुरुङले महेन्द्रपुल युवा क्लवले स्थापना कालदेखीनै विभिन्न सामाजिक कामहरु गर्दै आइरहदा अहिले आएर खेलकुद कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद ब्यक्त गरिन। नेपालमा सवैले मन पराउने लोकप्रिय खेल बास्केटवल प्रतियोगिताको आयोजना गरी खेलको प्रवर्द्धन संगै खेलाडी उत्पादनमा समेत लागेकोमा धन्यवाद ब्यक्त गर्दै महानगरको तर्फबाट हुने सहयोग रहने वताइन। महेन्द्रपुल युथ क्लबका अध्यक्ष आनन्द कुमार तभ्र्याको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष बिकल शाहीले स्वागत मन्तब्य राखेका थिएभने बास्केटवल संघका केन्द्रीय उपाध्यक्ष जुमकाजी गुरुङ, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापति लगायतले बोलेका थिएभने कार्यक्रमको सञ्चालन क्लबका सचिव राजु कायस्थले गरेका थिए। १३ टीमको सहभागीता रहेको उक्त प्रतियोगिताका बिजेताले ४० हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछनभने उपबिजेताले नगद २५ हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछनभने प्रतियोगितामा हाइस्कोरर र मस्ट भ्यालुएवल प्लेयरले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिता संयोजक सेजल जोजीजुले जानकारी दिए।

# क्षत्री समाज नेपालद्धारा जिम्मेवारी बाँडफाँड

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

क्षत्री समाज नेपाल को चौथौ राष्टिय महाधिवेशनबाट निर्वाचित कार्यसमिति सचिवालय बैठकले केन्द्रीय पदाधिकारी को जिम्मेवारी बाडफाड गरेको छ।

प्रदेश स्तरबाट निर्वाचित लुम्बीनी प्रदेशको इन्चार्ज उपाध्यक्ष लाल बहादुर अधिकारी, गण्डकी प्रदेश इन्चार्ज मा उपाध्यक्ष राजेन्द्र अधिकारी, बागमती प्रदेश इन्चार्ज मा उपाध्यक्ष श्याम कार्की लाई प्रदेश अर्न्तगत जिल्लाहरुको अधिवेशन गराउने समेटन बाकी रहेका जिल्लाहरुको प्रतिनिधित्व गराउने जिम्मेवारी दिएको छ।

त्यस्तै महिला उपाध्यक्ष अमृत देबी बानिया लाई महिला



समाज इन्चार्ज बनाइएको छ। सो अनुसार देशभरका महिला समाजहरुको सङठनलाई सकृय बनाई महाधिवेशन गराउने जिम्मेवारी दिएको छ।

समाजको बिभिन्न उद्देश्य अनुसार कार्यगर्ने गरी महासचिव कृष्ण बहादुर थापा लाई सङठन योजनाको जिम्मेवारी, कोषाध्यक्ष पदम बहादुर कार्की लाई आर्थिक विकासको जिम्मेवारी सहित विभिन्न जिल्लाहरुको इन्चार्ज तोकिएको छ। जातीय सदभाव, राष्टिय एकता अभियानलाई समाजले स्थापित गराउदै राष्टिय अखण्डताको लागी विविध रचात्मक कार्यहरु गदै आएको महासचिव कृष्ण बहादुर थापाले बताए। समाजका केन्द्रीय अध्यक्ष रिव बहादुर थापाको सभापत्तित्वमा भएको कार्यक्रममा केन्द्रीय पदाधिकारीलाइ स्वागत सहित पदस्थापन गरीएको छ।

सो कार्यक्रममा गण्डकी प्रदेश उपाध्यक्ष लक्ष्मी अधिकारी, प्रदेश लेखा अध्यक्ष गणेश के.सी, कास्की चिल्ला अध्यक्ष दिल बहादुर अधिकारीले, कार्यकाल सफलताको शुभकामना सहित भनाई राखेका थिए।

सो बैठकले असोज मसान्त सम्म सम्पुर्ण भातृसमाजको अधिवेशन गने, मनोनित गन आवश्यक मापदण्ड तय गर्ने, समाजले विभिन्न चरणमा राज्यपक्ष संग भएका सम्झोता कार्यन्वन गराउन पहल गने आरक्षणलाई बर्गिय रुपमा गराउन पहल गर्ने लगायतका महत्वपूर्ण निर्णय गरीएको थापाले बताए।

# यातयात व्यवसायीका समस्या समाधान गर्न तयार छौँ : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

ग ण्ड की प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकरीले जोखिमपूर्ण सडकका कारण यातायात क्षेत्र अझै सुरक्षित बन्न नसकेको बताउनुभएको छ।

नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्गठन गण्डकी प्रदेशको तेस्रो प्रदेश अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले यातायात व्यवसायीका समस्या समाधान गर्न प्रदेश सरकार सकरात्मक छ भन्नुभयो। "राजनीतिक अधिकार प्राप्तिका लागि आन्दोलन गर्नुपर्ने अवस्था छैन, मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "गण्डकी प्रदेश सरकार यातायातमैत्री बनाउन चाहन्छ, सरकारले याातायात व्यवसायीसँग कर मात्र लिने हैन व्यवसाय गर्न उनीहरूलाई सहज वातावरण बनाउने काम पनि हो।" यातायात व्यवसायीलाई सहज रूपमा सेवा प्रदान गर्न केही दिनभित्र नै यातायात व्यवस्था कार्यालय गण्डकीको शाखा कार्यालय पोखराको लेखनाथमा विस्तार गरिने जानकारी उहाँले दिनुभयो।

यातायात व्यवसायीले भोग्दै आएका समस्याका बारेमा आफू जानकार भएको बताउँदै उहाँले उनीहरूका समस्या समाधानमा आफ्नो भूमिका महत्वपूर्ण हुने बताउनुभयो। "राजनीतिक अधिकार प्राप्तिका लागि अब आन्दोलन गर्नुपर्ने अवस्था छैन, व्यवसायीले स्वतन्त्र रूपमा आफ्नो व्यवसाय सञ्चालन गर्नुहोस्", मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "यातायात क्षेत्रमा भएको अर्बौं रुपैयाँको लगानी डुब्न दिने पक्षमा गण्डकी प्रदेश सरकार छैन।" यातायात व्यवसायी योगेन्द्र केसीले निजी लगानीमा सञ्चालनमा ल्याइएको यातायात सेवा जोखिमपूर्ण बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्नुभयो। याातायात मजदुर नेता रुद्र खत्रीले याातायात मजदुरका समस्या समाधान गर्नेतर्फ व्यवसायीको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

# प्रधानमन्त्रीसमक्ष मर्स्याङ्दी करिडोरको विकास र प्रवर्द्धनका एजेण्डा पेस

रासस
तनहुँ, २८ बैशाख

गण्डकी प्रदेशका नौ स्थानीय तह समेटिएर मर्स्याङ्दी करिडोर बनेको छ। करिडोरमा पर्ने अन्तरपालिका समन्वय समितिद्वारा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष बिहीबार मर्स्याङ्दी उपत्यकाको संयुक्त योजना पेस गरिएको छ।

भानु नगरपालिकाका प्रमुख एवं मर्स्याङ्दी करिडोर अन्तरपालिका समन्वय समिति अध्यक्ष आनन्दराज त्रिपाठीले मर्स्याङ्दी करिडोरभित्र पर्ने स्थानीयबीच छनोट गरिएका योजना आगामी बजेटमा समावेश गराउन मागसहित प्रधानमन्त्रीसमक्ष पेस गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "स्थानीय तहहरुको दिगो र सन्तुलित विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक शैक्षिक तथा भौगोलिक विकासका दृष्टिकोणले विद्यमान सम्भावना र चुनौतीको सामूहिक अभ्यास गरी नतिजा हासिल गर्ने उद्देश्यले समन्वय समिति गठन गरी अगाडि बढेका छौँ, यस समितिबाट बनेका साझा चुनौती र सम्भावनाको वस्तुगत विश्लेषण गरी सामूहिक उद्देश्य प्राप्त गर्न लागिपरेका विषयमा प्रधानमन्त्रीसमक्ष पेस गरेका छौँ।" सामूहिक उद्देश्य प्राप्त गर्न समय समयमा अन्तरपालिका समन्वयतात्मक छलफल, अन्तर्क्रिया र बैठकको आयोजना गरिँदै आएको, सामाजिक महत्व राख्ने तथा समग्र मर्स्याङ्दी करिडोरको समुचित विकास र बृहत्तर हितका लागि यस क्षेत्रका नौ स्थानीय तहको सामूहिक निर्णयले केही महत्वपूर्ण विकासका नतिजामुखी योजनालाई रणनीतिक महत्वका साथ प्राथमिकतामा राखिएको प्रमुख त्रिपाठीले जानकारी गराउनुभएको थियो। मानव पुँजीको निर्माण गर्ने उद्देश्यले तनहुँ, लमजुङ, गोरखा र मनाङका नागरिकका लागि गुणस्तरीय विशिष्टीकृत सेवासहितको सुविधा सम्पन्न अस्पताल एवं शिक्षण अस्पतालको अभाव भएको तथा आर्थिक विकासको दृष्टिकोणबाट सम्भावना बोकेको औद्योगिक कोरिडोरको स्थापना र विकास गर्नसमेत अत्यावश्यक रहेको समितिले प्रधानमन्त्रीसमक्ष पेस गरेको निर्णयपत्रमा उल्लेख छ। प्राकृतिक सौन्दर्यताको अनुपम क्षेत्र पर्यटकीय दृष्टिकोणबाट राष्ट्रकै उत्कृष्ट गन्तव्यको सूचीमा रहेको मर्स्याङ्दी कोरिडोर, पर्यटन पूर्वाधार तथा प्रवर्द्धनसमेत यस उपत्यकाको परिवर्तन पर्यायको रुपमा अनुभूत गरिएकाले यहाँको विकासका लागि सरकारबाट आगामी आर्थिक वर्षमा योजना समावेश गर्न माग गरिएको उहाँले बताउनुभयो। आव २०८१/८२ का लागि सङ्घीय योजना तर्जुमा गर्ने चरण प्रारम्भ भइरहेको सन्दर्भमा मर्स्याङ्दी उपत्यका (कोरिडोर)का स्थानीय तहका करिब चार लाख नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्। यस करिडोर क्षेत्रको सन्तुलित विकासमा एवं प्रतिफलमुखी आयोजना र परियोजना बजेट विनियोजन हुने अपेक्षासहित प्रधानमन्त्रीसमक्ष पेस गरिएको छ। मर्स्याङ्दी करिडोर तनहुँ, लमजुङ, गोरखा र मनाङ हुँदै गण्डकी प्रदेश पोखरा जोड्ने मोटर मार्ग, मर्स्याङ्दी नदीमा मोटरेवल पुल, भानु साहित्य उद्यान निर्माण, पालुङटार विमानस्थल निर्माण तथा पुनःसञ्चालन, विद्युत् सव-स्टेसन निर्माण, सुविधा सम्पन्न बहुमुखी क्याम्पस स्थापना, डुम्रे-बैंसीसहर-चामे सडकको स्तरोन्नति बाँकी खण्ड निर्माण आयोजना, बन्दीपुर-छिम्केश्वरी-भानु जन्मस्थल-लिगलिगकोट-राइनासकोट-दोर्दी भीम पोखरा-धारापानी-मनाङ-थोरोङ्लापास हुँदै मुस्ताङ र राष्ट्रिय मापदण्डअनुरुपको रङ्गशाला निर्माणलगायतका योजना समितिले प्रधानमन्त्रीसमक्ष पेस गरेको छ। प्रधानमन्त्री दाहालले मर्स्याङ्दी करिडोर अन्तरपालिका समन्वय समितिसँगको भेटघाट तथा छलफलप्रति खुसी व्यक्त गर्दै समितिको कार्यक्रमलाई नियमिततर्फबाट पुर्णता दिने र नयाँ कार्यक्रमलाई प्राथमिकताका आधारमा सम्भव भएसम्म सम्बोधन गर्ने बताउनुभयो। भानुका नगर प्रमुख एवं मर्स्याङ्दी करिडोर अन्तरपालिका समन्वय समितिका अध्यक्ष आनन्दराज त्रिपाठीले भेटघाटका क्रममा प्रधानमन्त्री दाहाल र अर्थमन्त्री वर्षमान पुनलाई भानुको चिनारी बिर्के लगाएर कार्यक्रमको सुरुआत गर्नुभएको थियो। मर्स्याङ्दी नदी करिडोर समन्वय समितिमा हाल तनहुँको भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, लमजुङको बैंसीसहर नगरपालिका, सुन्दरबजार नगरपालिका, राइनास नगरपालिका, दोर्दी गाउँपालिका, मर्स्याङ्दी गाउँपालिका र गोरखाको पालुङटार नगरपालिका समावेश छन्।

# मुख्यमन्त्री अधिकारीद्वारा मुग्लिन-पोखरा सडक योजना अनुगमन


पोखरापत्र संवाददाता
दमौली, २८ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाको शुक्रबार स्थलगत अनुगमन गर्नुभएको छ। उहाँले योजनाको पश्चिम खण्डअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा, बेलचौतारामा सडकको कामका बारेमा अनुगमन गर्नुभएको हो।

सो अवसरमा मुख्यमन्त्री अधिकारीले हालसम्मको कार्यप्रगतिबारे जानकारी लिँदै काममा तीव्रता दिन निर्देशन दिनुभएको छ। सडक आयोजनाको काम ढिलाइ हुँदा जनतालाई सास्ती भइरहेकोप्रति सचेत रहन मुख्यमन्त्री अधिकारीले आग्रह गर्नुभयो। उक्त खण्डअन्तर्गत शुक्लागण्डकी नगरपालिकामा घर-टहरा भत्काउन ढिलाइ भएको छ। शुक्लागण्डकी नगरपालिकास्थित शेराटारदेखि कोत्रेसम्म सडक मापदण्डभित्र निर्माण गरिएका एक सय ४६ संरचना हटाउन ढिलाइ भएको हो।

संरचना हटाउने प्रयोजनका लागि रितपूर्वक पेस भएका निवेदकहरूलाई क्षतिपूर्ति वितरणको कार्य प्रारम्भ भए पनि कतिपयले क्षतिपूर्ति रकम लिएर पनि घर भत्काउन ढिलाइ गरेको जनाइएको छ। पश्चिम खण्डमा हालसम्म २३ प्रतिशत प्रगति भएको छ। पश्चिम खण्डमा हालसम्म नौ किलोमिटर एकतर्फी कालोपत्र सकिएको छ। जामुनेदेखि पोखरासम्मको ३८ किलोमिटर दूरीमध्ये २० किलोमिटर सडक छ लेनको हुने पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो।

पश्चिम खण्डका चार ठाउँमा प्रिकाष्ट प्रविधिबाट पुल निर्माण गरिनेछ। तनहुँको म्याग्देखोला, कुम्लेखोला, कोत्रेको सेती नदी र विजयपुलमा प्रिकाष्ट प्रविधिबाट पुल निर्माणको काम अगाडि बढाइएको छ। पश्चिम खण्डको काम विगतमा केही सुस्त भए पनि अहिले कामले तीव्रता पाएको पौडेलको भनाइ छ। पश्चिम खण्डको म्याद अवधि विसं २०८१ भदौ १२ गतेसम्म रहेको छ। यो खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बेसहारा बालबालिकाको भविष्य खोज्दै गाउँपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ बैशाख

यही वैशाख १४ गते गाउँ नजिकैको जङ्गलमा लागेको आगो निभाउने क्रममा तमानखोला गाउँपालिका-२ सिल्गुमका ४८ वर्षीय देवसिंह कामीको मृत्यु भयो ।

सोही ठाउँका ३१ वर्षीय ज्ञानबहादुर बुढामगर र ३३ वर्षीय प्रेमबहादुर घर्तीमगर घाइते हुनुभयो । घाइते बुढामगर र घर्तीमगर अहिले पनि अस्पतालमै उपचाररत हुनुहुन्छ । आगलागीमा परी मृत्यु हुनुभएका देवसिंहको पारिवारिक अवस्था निकै कमजोर छ । ज्याला मजदुरी गरी परिवारको लालनपालन गर्दै आउनुभएका कामीको मृत्युले यतिबेला उहाँको परिवार विक्षिप्त छ । समस्यामा परेको कामी परिवारलाई तमानखोला गाउँपालिकाले मलम लगाउने प्रयास गरिरहेको छ । देवसिंहको मृत्यु भएको केही दिनमै गाउँपालिकाले घरमै पुगेर रु एक लाख राहत उपलब्ध गराएको थियो । घाइते दुवै जनाको उपचारका लागि रु ७५/७५ हजार सहयोग गरेको छ । मृतक कामीको आर्थिक अवस्था कमजोर भएको हुँदा गाउँपालिकाले उहाँका कान्छा छोरा टोपबहादुर विकलाई कक्षा १२ सम्म बालगृहमा राखेर पढाउने भएको छ । टोपबहादुर अहिले कक्षा ९ मा पढ्नुहुन्छ । देवसिंहको परिवारमा दुई छोरा, दुई छोरीसहित श्रीमती हुनुहुन्छ । जेठो छोरा र छोरीले केही वर्ष अगाडिनै पढाई छोडेका थिए । कान्छी छोरी अझै विद्यालय जान थाल्नु भएको छैन ।

गाउँपालिकाले तीन वर्षदेखि वडा नं. ३ तमान गाउँमा बालगृह सञ्चालन गरेर अनाथ तथा बेसहारा बालबालिकाको पालनपोषण र पढाउने काम गर्दै आएको छ । अर्थिक वर्ष कमजोर भई पढ्नबाट वञ्चित भएका बालबालिकालाई पनि गाउँपालिकाले बालगृहमा आश्रय लिई पढाउने जिम्मा लिएको छ । बुबाको मृत्युपछि परिवारको नाजुक अवस्थाका कारण पढ्नबाट वञ्चित हुने अवस्थामा पुगेका टोपबहादुर पालिकाले आफ्नो सम्पूर्ण जिम्मा लिएपछि खुसी हुनुभएको छ । अब आफूलाई कक्षा १२ सम्म पढ्नलाई कुनै समस्या नहुने उहाँ बताउनुहुन्छ ।

"बाबाले अरुको ज्याला मजदुरी गरेर हामीलाई पाल्नुभएको थियो, जसोतसो पढाउँदै आउनुभएको थियो, उहाँको मृत्यु भएपछि अब पढ्न नपाउने भएँ भन्ने चिन्ता लागेको थियो, तर गाउँपालिकाले मेरो लागि ठूलो योगदान गर्ने भयो" विकले भन्नुभयो - "मैले मेहनत गरेर पढ्नु पर्छ, बाबाले देखेको सपना पुरा गर्नेछु, पढ्न नपाइएला कि भन्ने डरबाट मुक्त भएँ ।"

गाउँपालिकाले तमानगाउँमा घर भाडामा लिएर बालगृह सञ्चालन गरेको छ । बालगृहमा कक्षा १ देखि ९ सम्म अध्ययन गर्ने २९ जना बालबालिका रहेका छन् । गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले आर्थिक अभावमा अब कुनै पनि बालबालिकाले पढ्नबाट वञ्चित हुनु नपर्ने बताउनुभयो । स्थानीय सरकार नागरिकको सुख दुःखमा साथ दिने सरकार भएको हुँदा कोही पनि शिक्षा दीक्षा र भोको पेट बस्न नपर्ने उहाँको भनाइ छ । बालबालिकालाई पालनपोषण गर्ने, १२ सम्म पढाउने एवं विभिन्न किसिमका सीपमुलक तालिम दिने र रोजगारीको व्यवस्थासमेत मिलाउने अध्यक्ष बुढामगरबताउनुहुन्छ।गाउँपालिकाले 'तमानखोला विकास कोष' निर्माण गरेर बालगृह सञ्चालन गरेको उहाँ बताउनुहुन्छ । बालगृहमा बस्ने बालबालिकाले स्थानीय धन गौ ज्योति माध्यमिक विद्यालयमा अध्ययन गरिरहेका छन् ।

बालबालिकाको पढाईमा निरन्तर सुधार हुँदै गइरहेको विद्यालयले जनाएको छ । बालगृह सञ्चालनमा आएपछि धेरै बालबालिका शिक्षाको पहुँचमा आएको भन्दै सेवा पनि गुणस्तरीय दिने गरी काम गरिरहेको अध्यक्ष बुढामगरको भनाइ छ । "खासगरी आमाबाबा गुमाएर बेसहारा बनेका बालबालिकालाई पालिकाले अभिभावकत्व प्रदान गरी उनीहरुको पालनपोषण र शिक्षा दीक्षा दिने कामको थालनी गरेका छौँ, यसले धेरैलाई राहत मिलेको छ" अध्यक्ष बुढामगरले भन्नुभयो, "बालगृहमा बस्न थालेपछि बालबालिकाको पढाईमा पनि सुधार भएको छ, बालबालिकालाई यहाँ आश्रय मात्रै दिने होइन, असल र दक्ष नागरिक बनाउने हाम्रो जिम्मेवारी हो, सोही अनुसार काम गरिरहेका छौँ ।"

# जैमिनीमा 'स्वस्थ नागरिक' अभियान

**रासस**
बागलुङ, २८ बैशाख

कुनै समय 'रिफर सेन्टर'का रूपमा चर्चित प्राथमिक स्वास्थ्य केन्द्र कुश्मीशेरामा अहिले दैनिक बिरामीको चाप हुन्छ । दरबन्दीका चिकित्सक हाजिर हुने र बिदामा हिँड्दा स्वास्थ्य केन्द्र सधैँ स्वास्थ्यकर्मीको भरमा चल्थ्यो ।

डा सुलभ शर्मा र कृष्ण सुवेदीसहितको टोलीले सेवा दिन थालेपछि भने नगर अस्पतालको रूपमा विकास भइरहेको स्वास्थ्य केन्द्र बिरामीको आडभरोसा बनेको छ । अहिले स्वास्थ्य केन्द्रमा आधार भूत तहको सबै स्वास्थ्य सेवा उपलब्ध छन् । उपकरण र प्रविधिले साथ दिँदासम्म चिकित्सकले बिरामी बाहिर पठाउँदैनन् ।

स्वास्थ्य केन्द्रलाई चुस्त व्यवस्थापन र बिरामीमैत्री बनाउन जैमिनी प्रयासरत छ । आधुनिक उपचार पद्धतिअनुसारको सेवाप्रवाहमा तत्कालै पुग्न नसके पनि उपलब्ध जनशक्ति र प्रविधिको भरपुर प्रयोग गरेर सेवालाई चुस्त बनाउने काम भइरहेको नगरपालिकाका उपप्रमुख हरिहर शर्मा बताउनुहुन्छ ।

करारमा चिकित्सक तथा स्वास्थ्यकर्मीको नियुक्तिदेखि उपकरण, औषधि, तालिम र सचेतनामा नगरले लगानी बढाइरहेको छ । स्वास्थ्य केन्द्रमात्रै होइन प्राथमिक स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिकमार्फत जैमिनीले नागरिकको स्वास्थ्योपचार गर्ने र रोग नै लाग्न नदिन अनेकौँ प्रयत्न गरिरहेको छ । नगरपालिकाले आफ्ना नागरिकको स्वास्थ्योपचारलाई सरल र सहज पहुँचका लागि 'जैमिनी नागरिक स्वास्थ्य उपचार कोष' स्थापना गर्न कार्यविधि बनाएको छ । कोषमार्फत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने नगरको योजना छ । कोषबाट सबै नागरिकले आधार भूत र विशेषज्ञ स्वास्थ्य सेवा पाउने वातावरण बनाइने नगरप्रमुख नरबहादुर पुनले बताउनुहुन्छ । चालु आर्थिक वर्ष २०८०/८१ मा स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिने नीति लिएको जैमिनीले विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच समुदायसम्म बिस्तार गर्न एकीकृत स्वास्थ्य शिविर, पाठेघरको निःशुल्क शल्यक्रियाको व्यवस्था, किशोरकिशोरीलाई स्वास्थ्य संस्था र विद्यालयसँगको समन्वयमा 'विद्यालय नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको छ । नागरिकको स्वास्थ्यकर्मीबाट समुदायस्तरमा तथ्याङ्क सङ्कलन गरी बिरामीको स्वास्थ्य परीक्षण र उपचारका लागि 'घरघरमा स्वास्थ्यकर्मी सेवा' कार्यक्रम सञ्चालनमा ल्याएको छ । प्रविधिमैत्री उपचार सेवा कार्यक्रममार्फत नागरिकसम्म विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने, गर्भवती आमा र बच्चाको स्वास्थ्य सुरक्षाका लागि 'गर्भवतीको साथी पोषण' कार्यक्रम सञ्चालन गर्ने, कालीगण्डकी करिडोरमा सडक सहरी स्वास्थ्य क्लिनिक सञ्चालन गर्न जग्गा प्राप्ति भइसकेको छ । स्वास्थ्य क्षेत्रलाई बलियो बनाउन जैमिनीले विपन्नको निःशुल्क स्वास्थ्य बीमा, विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच समुदायसम्म विस्तार गर्न एकीकृत स्वास्थ्य शिविर, पाठेघरको निःशुल्क शल्यक्रिया, किशोरकिशोरीका विद्यालय नर्स कार्यक्रम सञ्चालनमा ल्याएको छ । खोप सेवाको गुणस्तरीयता कायम राख्दै सुक्ष्म योजनासहित पूर्णखोप दिगोपनालाई सुनिश्चित गरिने नीतिलाई नगरले कार्यान्वयन गर्दैछ । नगरमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएको छ । गर्भवती आमा र बच्चाको स्वास्थ्य सुरक्षाका लागि गर्भवतीको साथी पोषणलगायतका कार्यक्रमद्वारा पोषणयुक्त नगर बनाउन स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका कार्यक्रमलाई निरन्तरता दिइएको स्वास्थ्य शाखा प्रमुख गोविन्द आचार्य बताउनुहुन्छ । गर्भवती भएदेखि १५ महिनासम्म स्वास्थ्यकर्मीको हेरचाहमा पूर्ण पोषण सेवा उपलव्ध गराएको छ । सबै स्वास्थ्य संस्थामा दरबन्दीअनुसारका स्वास्थ्यकर्मीको पदपूर्ति र नेपाने सहरी स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा स्तरोन्नतिको काम सुरु भएको छ । "स्वस्थ नागरिकले मात्रै समृद्ध नगरका लागि योगदान गर्न सक्छन्, हामी स्वस्थ्य नागरिक उत्पादन गर्ने अभियानमा छौँ", उपप्रमुख शर्मा भन्नुहुन्छ, "यो कार्यकालमा स्वास्थ्य क्षेत्र बलियो बनाउनेगरी काम भइरहेको छ ।" नगर अस्पतालको पूर्वाधार विकास, प्रभावकारी सेवा वृद्धि र प्रविधिमैत्री बनाउने अभियान जैमिनीमा चलिरहेको छ । सुत्केरी, आकस्मिक बिरामी र जटिल दुर्घटनाबाट जोखिममा परेका नागरिकको उद्धार गर्न सबै वडामा पहुँच पुग्नेगरी एम्बुलेन्सको व्यवस्थापन नगरले सुरु गरेको छ । वडामा हेली उद्धारका लागि हेलिप्याड निर्माण भएका छन् ।

"देख्दा सामान्य लाग्ने तर जनताका लागि अत्यावश्यक र जीवनसँग जोडिएका स्वास्थ्य पूर्वाधार निर्माणमा हामी चुक्नु हुँदैन", उहाँ भन्नुहुन्छ, "जनताको जीवनरक्षा जैमिनीको प्राथमिकता हो ।" गर्भको जटिलता पहिचान गरी आवश्यकता अनुसार प्रेषण गर्न घुम्ती सेवामार्फत गर्भवतीका लागि 'ग्रामीण भिडियो एक्सरे सेवा'लाई निरन्तरता दिएको छ ।

सबै स्वास्थ्य संस्थामा अत्यावश्यकीय औषधि तथा औषधिजन्य सामग्रीको वर्षभरि नै नियमित आपूर्ति गरेको नगरले प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता र पहुँच बढाउँदै लगेको छ । स्वास्थ्य बीमाबाट प्राप्त हुने औषधिलाई मेडिकल अधिकृतको उपस्थितिमा घुम्ती सेवामार्फत वितरण गर्ने व्यवस्था गरिएको छ ।

जैमिनीले विपन्न नागरिकलाई मुटुरोग, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियालगायत आठ प्रकारका रोगको उपचार गर्न रु एक लाखसम्मको सहुलियतसहितको विपन्न नागरिक उपचार गराउने सिफारिस तथा मिर्गौलाको प्रत्यारोपण, डायलायसिस, क्यान्सर, स्पाइनल इन्जुरीका बिरामीले प्रतिमहिना पाउने रु पाँच हजार उपचार खर्च प्राप्त गर्न सहज व्यवस्था गरेको आचार्य बताउनुहुन्छ ।

विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच समुदायस्तरसम्म विस्तार गर्न एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरेको नगरले एकैपटक कयौँ रोगका बिरामीको उपचार गराएको छ । नगरले सञ्चालन गरेको शिविरबाट पहिचान भएका बिरामीले ठूला अस्पताल पुगेर स्वास्थ्य सेवा लिएका छन् ।

नगरपालिकाले आफ्ना नागरिकलाई मधुमेह र उच्च रक्तचाप भएमा निःशुल्क औषधिको अतिरिक्त थप दुई प्रकारका औषधिको व्यवस्था मिलाएको छ । स्वास्थ्य सेवाको पहुँच कम भएका दुर्गम बस्ती तथा जोखिमयुक्त स्थानमा क्षयरोग र कुष्ठरोगका बिरामीको खोजपड्ताल कार्यक्रम सञ्चालनको तयारीमा समेत जैमिनी जुटेको छ ।

# कच्चा पदार्थ अभावले बेलको जुस उद्योग बन्द

**पोखरापत्र संवाददाता**
दमौली, २८ बैशाख

तनहुँको म्याग्दे गाउँपालिका-२ स्थित माउण्टेन तनहुँ सामुदायिक बेल तथा फलफूल प्रशोधन उद्योग बन्द भएको छ । कच्चा पदार्थको अभावमा उक्त उद्योग विगत एक वर्षदेखि बन्द भएको हो ।

सामुदायिक वनमा बेलको अभाव भएपछि उद्योग सञ्चालन गर्न नसकिएको उद्योगका सञ्चालक विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बेल पाउन छाडियो, बेल नै नभएपछि उद्योग सञ्चालन गर्न सकिएन । एक वर्षदेखि उद्योग बन्द छ ।"

सामुदायिक वनमा त्यसै खेर गइरहेको बेललाई सदुपयोग गर्दै उद्योग स्थापना गरी बेलको जुस उत्पादन गरेर बिक्री वितरण थालिएको थियो । श्रेष्ठका अनुसार अहिले व्यक्तिले नै सामुदायिक वनमा बेल रोपण गरेका छन् । उहाँले भन्नुभयो, "वनमा पहिला बेल त्यसै पाइन्थ्यो, अहिले बेल पाउन छाडेपछि हामी नै बेल खेतीमा लागेका छौँ ।" श्रेष्ठका अनुसार आगामी असोजदेखि उद्योग सञ्चालनको तयारी गरिएको छ । पुनः सञ्चालनसँगै अदुवाको जुस उत्पादन गर्ने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बेल पाउन थालेपछि फेरि जुस उत्पादन गरी बिक्री गर्नेछौँ । उद्योग सञ्चालनमा ल्याएसँगै अदुवाको जुस पनि उत्पादन गर्ने योजना बनाएका छौँ ।" म्याग्दे गाउँपालिका-१, २ र ३ मा रहेको छवटा सामुदायिक वनका उपभोक्ता मिलेर बेल जुस उद्योग स्थापना गरेपछि बेलबाट राम्रो आम्दानी हुन थालेको थियो । विसं २०७१ मा युएसएडको आर्थिक सहयोगमा केएर नेपाल, हरियो वन कार्यक्रममार्फत मेसिनरी औजार खरिदका लागि रु ११ लाख २८ हजार र छवटा सामुदायिक वनको रु चार लाख ६० हजारको संयुक्त लगानीमा उद्योग स्थापना भएको थियो । सिद्ध बतासन, उमाचोक, भिरपानी बर्च्र्याङ, पँधेरीखोला र पोर्सेली सामुदायिक वन समूहको सक्रियतामा उक्त उद्योग स्थापना गरिएको थियो । सुरुमा सामुदायिक उद्योगको रुपमा स्थापना गरिएको उद्योगको व्यवस्थापनका लागि छवटै सामुदायिक वनका प्रतिनिधि समेटिएको ११ सदस्यीय उद्योग व्यवस्थापन समिति बनाइएको थियो । उद्योगको प्रभावकारी सञ्चालनमा निजी क्षेत्रको भूमिका हुन सक्ने कुरालाई मध्यनजर गरी विसं २०७४ असोजदेखि यसको व्यवस्थापन सार्वजनिक निजी साझेदारीताको मोडलमा सञ्चालन गरिएको छ ।

छवटै सामुदायिक वन उपभोक्ता समूहको सामूहिक निर्णयबमोजिम सिद्ध बतासन सामुदायिक वनका सदस्यसमेत रहुनभएका विष्णुकुमार श्रेष्ठसँग सम्झौता गरी उद्योग सञ्चालनको जिम्मेवारी दिइएको थियो ।

उद्योग सञ्चालकले रु ३० प्रतिप्याक (१२ बेल स्क्वाएस बोतल) र रु १२ प्रतिप्याक (१२ अदुवा स्क्वाएस बोतल) का दरले उद्योगलाई उपलब्ध गराउनुपर्ने सम्झौता थियो । वनबाट सङ्कलित बेललाई सफा र ग्रेडिङ गरी कटरमा राखेर काट्ने, गुदी (भित्री फल) निकाल्ने र मिक्सचरमा पेलेर पल, बियाँ र छोक्रा छुटाएपछि, सेलाएको तातोपानीमा मिलाएर बेलको जुस तयार गर्ने गरिन्छ । एक गिलास पानीमा दुई बिर्को बेलको जुस राखेर दिनको दुई पटक सेवन गर्नाले उच्च रक्तचाप, मुटुसम्बन्धी रोग, ग्यास्ट्रिक, कब्जियत, मधुमेह (चिनीरोग) का साथै पाचन शक्तिसमेत बढाउने चिकित्सक बताउँछन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्वतको महाशिलामा घरेलु मदिरा ब्रान्डिङ गर्न सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, २८ बैशाख

पर्वतको महाशिला गाउँपालिकाले ग्रामीण क्षेत्रमा उत्पादन हुने घरेलु मदिरालाई ब्रान्डिङ गर्न थालेको छ । मदिरा ब्रान्डिङका लागि पालिकाले अनुसन्धान सुरु गरेको हो ।

पालिकाका विभिन्न वडामा व्यावसायिकरुपमा उत्पादन हुँदै आएको कोदो, भात, सुन्तला, किबीलगायतको मदिरालाई ब्रान्डिङ गर्न पालिकाले अनुसन्धानको कामलाई सर्च नेपालसँगको सहकार्यमा अघि बढाएको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाको अघिल्लो गाउँसभाबाट घरेलु मदिराको अध्ययन अनुसन्धान गर्ने निर्णय पारित भएको थियो ।

छिमेकी जिल्ला स्याङ्जा र कास्कीमासमेत घरेलु मदिरा ब्रान्डिङ गरी बिक्रीवितरण गरिरहेको अवस्थामा महाशिलाले पनि कार्यक्रम अघि बढाएको अध्यक्ष भुसालले बताउनुभयो । घरेलु मदिरा कोदो, मकै, चामल, केरा, भोगटे, जुनार, जौ, आरुबखडालगायत विभिन्न जातका अन्न तथा फलफूलबाट उत्पादन गर्ने गरिएको छ । महाशिलामा उत्पादनका आधारमा कोदो बढी उत्पादन हुने अन्न हो । यसलाई ब्रान्डिङ गर्दा उपयुक्त हुने निष्कर्षका साथ अनुसन्धान सुरु गरिएको उहाँको भनाइ छ । गाउँपालिकामा कोदोको बढी सम्भावना भएकाले कोदोको मदिरालाई प्राथमिकता दिएर अनुसन्धान गरिएको अध्यक्ष भुसालले बताउनुभयो । यहाँ धेरै पहिलेदेखि स्थानीयले मदिरा बनाउँदै आउनुभएको छ, धेरैको जीविकोपार्जन यसैबाट भइरहेकाले यसलाई कसरी व्यवस्थित गरेर अघि बढ्न सकन्छ भनेर अनुसन्धान गरी सो कार्यान्वयन गर्न लागि परेका छौँ", उहाँले भन्नुभयो, "अनुसन्धान रिपोर्टपश्चात् बाकीँ काम अगाडि बढ्नेछ ।" सर्च नेपालले गरेको उक्त अनुसन्धानमा कोदोको गुणस्तरीय मदिरा सङ्कलन गरिएको र नमुना सङ्कलनका लागि सबै वडामा तामाका भाँडा प्रयोग गरी मदिरा बनाइएको छ ।

घरेलु ज्ञान, सीप र प्रविधि प्रयोग गरी स्थानीयस्तरमा उपलब्ध हुने कोदोबाट एकदेखि सातपाने र मिश्रित एकदेखि सातपानेसम्मको गुणस्तरीय मदिरा सङ्कलन गरी नमुना ल्याब परीक्षणका लागि पठाइएको अध्यक्ष भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाका छुट्टाछुट्टै बस्ती र समुदायमा तयार गरिएको मदिराको छुट्टाछुट्टै नमुना सङ्कलन गरिएको छ ।

सङ्कलन गरिएका नमुनामा अल्कोहलको मात्रा पत्ता लगाएर खानयोग्य मदिरामा अल्कोहलको मात्रा खुलाई ब्रान्डिङ गर्न सिफारिस गरिने सर्च नेपालले जनाएको छ । ब्रान्डिङ भए पनि अहिले अवैधरुपमा उत्पादन हुँदै आएको मदिरालाई व्यवस्थितरुपमा उद्योग सञ्चालन गरी उत्पादन अनुमति प्रदान गरिने भएको छ । महाशिला गाउँपालिकाका छवटै वडामा लुकिछिपी घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण हुँदै आएको छ । यसको ब्रान्डिङ गर्नसकेमा पालिकाको राजस्वमा वृद्धि हुनुका साथै स्वरोजगारका अवसर वृद्धि हुने पालिकाको विश्वास छ ।

# चालु आवमा तनहुँमा छ सय ४७ उद्योग दर्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ बैशाख

चालु आर्थिक वर्षमा तनहुँमा छ सय ४७ उद्योग दर्ता भएका छन् । पर्यटन तथा उद्योग कार्यालयमा साउनदेखि चैत मसान्तसम्म ती उद्योग दर्ता भएका हुन् ।

कार्यालयका वाणिज्यका अनुसार उद्योगतर्फ तीन सय ३६ र वाणिज्यतर्फ तीन सय ११ उद्योग दर्ता भएका छन् । एउटा घरबास (होमस्टे) पनि दर्ता भएको छ । गत आवमा जिल्लामा छ सय तीन उद्योग दर्ता भएका थिए । दर्ता भएका उद्योगमध्ये कृषि तथा वन पैदावरतर्फ अधिक छन् । चालु आवमा जिल्लामा दुई सय ७८ उद्योग खारेज भएका छन् । आर्थिक अभावका कारण उद्योग सञ्चालन गर्न नसकिने भन्दै सम्बद्ध व्यक्तिले आवेदन गरेपछि ती उद्योगको दर्ता खारेज गरिएको हो । कार्यालयमा गत आवमा दुई सय १० घरेलु उद्योग खारेजीका लागि आवेदन परेको थियो । गत आवको तुलनामा चालु आवमा उद्योग खारेजका लागि धेरै आवेदन परेको उक्त कार्यालयले जनाएको छ ।

चालु आवमा कार्यालयले रु ४० लाख ४९ हजार एक सय २५ राजस्व सङ्कलन गरेको छ । वाणिज्यतर्फ रु १९ लाख ८५ एक सय ७५ र उद्योगतर्फ रु २० लाख ६३ हजार नौ सय ५० राजस्व सङ्कलन भएको छ । उद्योगतर्फका आठ सय ४० र वाणिज्यतर्फ सात सय ४१ गरी एक हजार पाँच सय ८१ घरेलु तथा साना उद्योगले नवीकरण गरेका छन् । यसैबीच, देवघाट गाउँपालिका-४ रातेपानीमा चट्याङले घर जलेका तुलबहादुर भुजेलको परिवारलाई गाउँपालिकाले खाद्यान्न, लत्ताकपडा र त्रिपाल प्रदान गरेको छ । चट्याङबाट घरका आठजना सदस्यमध्ये तीनजना सामान्य घाइते भएका थिए । यो दैवी विपत्तिमा करिब रु दुई लाख बराबरको क्षति भएको बताइएको छ ।

# विश्वका लोकबाजा सङ्ग्रह गर्न सङ्ग्रहालय भवन निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, २८ बैशाख

बागलुङको तङ्ग्राममा विश्वका लोकबाजा सङ्ग्रह गर्नका लागि सङ्ग्रहालय भवन निर्माण गरिएको छ । विश्वका लोक बाजा सङ्ग्रह गरेर संरक्षण, लोकबाजाको अनुसन्धानसँगै अवलोकन गर्ने पर्यटक भित्र्याउने उद्देश्यका साथ तीन वर्षअघि निर्माण थालिएको सङ्ग्रहालय भवनले अहिले आएर पूर्णता पाएको छ ।

काठेखोला गाउँपालिका–३ तङ्ग्रामस्थित धारागाउँमा गाउँमैत्री अक्षयकोषद्वारा गण्डकी प्रदेश सरकारको लगानीमा निर्माण गरिएको सांकृतिक लोक बाजा सङ्ग्रहालय भवन निर्माण सम्पन्न भएर उद्घाटनको तयारीमा पुगेको छ । विसं २०७८ फागुन १७ गते शिलान्यास गरिएको सङ्ग्रहालय भवनको साढे तीन तला पक्की भवन सारङ्गीको आकृतिमा निर्माण निर्माण गरिएको छ ।

भवन निर्माण गर्नका लागि प्रदेश सरकारले तीन आर्थिक वर्षमा रु एक करोड १० लाख बजेट विनियोजन गरिएको थियो भने रु १५ लाखको श्रमदानमार्फत उक्त भवन निर्माण गरिएको गाउँमैत्री अक्षयकोषका अध्यक्ष चयन्द्रबहादुर थापाले बताउनुभयो ।

उक्त भवनमा अहिले देशकै ठूलो दाबी गरिएको दुई सय ८० किलोको नगरा राखिएको छ । उक्त सङ्ग्रहालयमा बुद्ध पूर्णिमा जेठ १० गतेको दिन बुद्धको मूर्तिसमेत प्रतिष्ठा गरिने थापाले बताउनुभयो । उहाँले दशेकै ठूलो नगरा विधिवत्रुपमा बजाएर सङ्ग्रहालयको उद्घाटन गरिने योजना रहेको बताउनुभयो ।

“लोक बाध्य सङ्ग्रहालयमा देशकै ठूलो नगरा राखिएको छ, नगरासहित नेपाली लोकबाजा र विश्वका सबै बाजा सङ्ग्रह गरेर लोक बाध्य सङ्ग्रहालयको रुपमा विकास गरिने छ”, थापाले भन्नुभयो, “अहिले केही विदेशका बाजासमेत आउने क्रममा छन्, २०८६ सालसम्म विश्वका बाजा अवलोकन गर्न विदेशी पर्यटक आउने र पञ्चकोट र ढोरपाटनलाई जोडेर पर्यटकीय केन्द्र बनाउने हाम्रो बृहत्तर योजना रहेको छ ।” नगरा बजाउनका लागि स्थानीय नगर्चीद्वय जगरबहादुर परियार र सरबहादुर परियारलाई नियुक्तिसमेत गरिएको छ। लोपोन्मुख विश्वका मुख्य लोकबाजा सङ्ग्रह गर्ने उद्देश्यले स्थापना गरिएको गाउँमैत्री अक्षयकोष (जिमाक) संस्थाको अगुवाइमा सुविधा सम्पन्न साढे तीन तलाको भवन निर्माण गरिएको छ । स्थानीयले निःशुल्क प्रदान गरेको तीन रोपनी जग्गामा सुविधा सम्पन्न भवनसँगै शौचालय बनाइएको छ भने तारबार गर्नेलगायतको काम बाँकी रहेको छ ।

सारङ्गीको नमूनामा निर्माण सम्पन्न भएको भवन र देशकै ठूलो नगरा अवलोकनका लागि आन्तरिक पर्यटकसमेत आउन थालिसकेको लोक बाजा सांस्कृतिक सङ्ग्रहालयका परिकल्पनाकार हेमराज आश्रमले जानकारी दिनुभयो ।

“मुख्य भवन निर्माण गरेर उद्घाटन गर्न थाले पनि सांस्कृतिक सङ्ग्रहालयले पूर्णता पाउन अझै पाँच वर्ष लाग्नेछ, यो करोडौँको परियोजना हो, विदेशी बाजा झिकाउने कार्य भइरहेको छ, अहिले फ्रान्स, एसिया र युरोपका केही बाजा आइसकेका छन्”, आश्रमले भन्नुभयो, “विश्वकै चर्चित पर्यटकीयस्थल ढोरपाटन र धार्मिक पर्यटकीय गन्तव्य पञ्चकोटलाई जोडेर सङ्ग्रहालयलाई पर्यटकीय हब बनाइने छ, यसलाई नयाँ टुरिजम सर्किटको रुपमा विकास गरिनेछ ।” सङ्ग्रहालय भवन परिसरमा पार्क निर्माण गर्ने, तारबार गर्नेलगायतका अन्य सहायक पूर्वाधारको काम बाँकी रहेको छ । विश्वभर रहेका विभिन्न देशका प्रमुख बाजासँगै नेपालका सबै लोकबाजाको सङ्ग्रह गरिने आश्रमले जानकारी दिनुभयो । साथै देशकै ठूलो नगरालाई गिनिज बुकमा नाम लेखाउने प्रक्रियामा दाबी पेस गरेको उहाँले जानकारी दिनुभयो ।

“नेपालका लोकबाजा यहाँ देख्न सकिन्छ, जुन लोपसमेत हुन थालेका छन्”, उहाँले भन्नुभयो । सङ्ग्रहालयले लोकबाजाको पहिचान दिलाउँदै लोकबाजाको अध्ययन तथा अनुसन्धानस्थलका रुपमा समेत आफूलाई चिनाउने उहाँको भनाइ छ । गाउँपालिकाका उपाध्यक्ष तिलक थापाले तङ्ग्राममा रहेको सांकृतिक लोकबाजा सङ्ग्रहालयले समग्र बागलुङलाई विश्वभर चिनाउने बताउनुभयो।उहाँलेप्रचारप्रसारका लागि गाउँपालिकाले सहयोग गर्ने जानकारी दिनुभयो ।

# शैक्षिक गुणस्तर सुधार्न पर्वतका पालिका सक्रिय

पोखरापत्र संवाददाता
पर्वत, २८ बैशाख

पर्वतका सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै गएको छ । विद्यार्थी दिनप्रतिदिन सामुदायिक विद्यालय छाडेर निजी विद्यालयतर्फ आकर्षित भएका छन् । यसले ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून हुँदै गएको छ ।

सामुदायिक विद्यालय खाली हुने अवस्था आएपछि जिल्लाका विभिन्न पालिकाले सक्रियता बढाउन थालेका छन् । सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी निजी विद्यालय सरह बनाउने उद्देश्यले विहादी गाउँपालिका, पैँयु गाउँपालिका र जलजला गाउँपालिकाले अभियान नै सञ्चालन गरेका छन् ।

विहादी गाउँपालिकाले हरेक वडामा पुगेर त्यहाँका शिक्षक, अभिभावक, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र विद्यार्थीसँग शैक्षिक अन्तर्क्रिया गरेको छ । यही वैशाख १६ गतेदेखि सुरु भएको सो अभियान वडा नं ६ शालिग्राम माविमा समापन हुँदै छ । अन्तर्क्रियाका क्रममा थुप्रै सुझाव सङ्कलन गरिएको र सोही सुझाव सल्लाहका आधारमा पालिकाको शैक्षिक कार्यक्रम परिमार्जन गरिने गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले बताउनुभयो । सबै विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन सुरुआत गर्नुपर्ने सुझाव बढी आएका छन् । यसका लागि शिक्षकलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि गराएर गुणस्तर सुधारमा लगाइने उहाँले बताउनुभयो ।

सबै वडामा अन्तर्क्रिया गरिसकेपछि पालिकाको शिक्षा समिति र सबै विद्यालयका प्रअबीच छलफल गरिने भएको छ । जेठको पहिलो सातादेखि नै शैक्षिक गुणस्तरमा सुधार देखिने गरी काम गर्ने उहाँको भनाइ छ । शिक्षा क्षेत्रको सुधारका निम्ति ठोस योजना बनाएर अघि बढ्ने बताउनुभयो । आगामी वर्षको बजेट तथा कार्यक्रममा प्राथमिकताका साथ शिक्षाको गुणस्तर सुधार कार्यक्रमलाई ल्याउने अध्यक्ष गुरुङले बताउनुभयो ।

यस्तै पैँयु गाउँपालिकाले अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम सुरु गरेको छ स्थानीय सरकार र जनप्रतिनिधिसँग विद्यार्थीको धारणा, अपेक्षा, समस्या, सेवा प्रवाहबाट विद्यार्थी सन्तुष्टि भए नभएको पहिचान गर्न गाउँपालिकाले अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम सुरु गरेको हो । गाउँपालिकाले पहिलो पटक सञ्चालनमा ल्याएको अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रमको मङ्गलबार पैँयु गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले उद्घाटन गर्नुभयो । विद्यार्थीको मनोबल उच्च हुने, शैक्षिक गुणस्तर वृद्धि हुने, विद्यार्थीले उठाएका समस्याको छिटोभन्दा छिटो समधान गर्न पहल गरिने उहाँको भनाइ छ ।

विद्यालयको गुणस्तर सुधारका लागि पर्याप्तमात्रामा भौतिक पूर्वाधार निर्माण भइसकेकाले आगामी दिनमा विद्यार्थीको मागअनुसार नै शैक्षिक गतिविधि अगाडि बढाउने गरी कार्यक्रम ल्याइने छ । विद्यार्थीको वास्तविक समस्याको पहिचान गरी गाउँपालिकाले समाधान गर्नेगरी उक्त कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका उपाध्यक्ष यामकुमारी रानाले जानकारी दिनुभयो । “हामी गाउँपालिकाका सबै सामुदायिक विद्यालयका विद्यार्थीको धारणा बुझ्छौँ, विद्यार्थीका समस्या सुन्छौँ, वास्तविक समस्या पहिचान गर्छौँ”, उहाँले भन्नुभयो, “आर्थिक अवस्था कमजोर भएर विद्यालयमा पढ्न बञ्चित भएका विद्यार्थीको पहिचान गरेर शैक्षिक सामग्री वितरण गर्छौँ ।” यसैगरी जलजला गाउँपालिकाले शिक्षकबाटै गुणस्तर सुधार्न प्रधानाध्यापक नियुक्तिको नयाँ शैली थालेको छ । गाउँपालिकाले प्राथमिक तहदेखि माध्यमिक तहसम्मका सबै सामुदायिक विद्यालयमा पाँच वर्षे विकास र गुणस्तर सुधारको प्रस्ताव माग गरेर प्रधानाध्यापक नियुक्त गर्न लागेको हो । विद्यालयको सुधार र शैक्षिक गुणस्तर कायम गर्नका लागि शिक्षा ऐनमा रहेको व्यवस्थाअनुसार मात्रै प्रधानाध्यापक नियुक्त गर्दा विद्यालयमा फरक सोच र फरक शैली नआएको भन्दै गाउँपालिकाले यो योजना अगाडि बढाएको हो । गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यका अनुसार गाउँपालिकाले शैक्षिक सुधारलाई नै पहिलो कामका रूपमा हेरेर शिक्षा क्षेत्रमा विभिन्न योजना कार्यान्वयन गरिरहेको छ । सोहीअन्तर्गत रहेर नयाँ प्रयोगका रूपमा प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक छनोट गर्न लागिएको हो ।

गाउँपालिकाका शिक्षा अधिकृत यज्ञप्रसाद लामिछानेका अनुसार विद्यालयको प्रधानाध्यापक बन्न इच्छा भएका शिक्षकहरूले आफूले आगामी पाँच वर्षमा विद्यालयमा ल्याउनसक्ने परिवर्तन, कार्यान्वयन गर्नसक्ने कार्यक्रमलगायतका स्पष्ट खाकासहितको प्रस्ताव तयार गर्नुपर्नेछ । जिल्लाका सातवटै पालिकामा गत शैक्षिकसत्रको अन्तिम परीक्षाको नतिजा निराशाजनक आएपछि गुणस्तर सुधार्न सक्रियता देखाएका हुन् ।


## शिक्षक आवश्यकता

यस **श्री भगवती आधारभूत विद्यालय**, पोखरा-२२, कालाबाङ घरेडीमा तपसिल बमोजिमको राहत दरबन्दीको शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**१. विज्ञापन नं** : १/२०८१
**२. विषय** : गणित/विज्ञान
**३. तह**: नि.मा.वि.
**४. पद संख्या** : १ (एक)
**५. आवश्यक शैक्षिक योग्यता** : सम्बन्धित विषयमा +२ वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
**६. उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**७. तलब तथा सेवा सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार ।
**८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति ।
**९. दरखास्त दिने मिति** : २०८१/०१/२९ देखि २०८१/०२/१२ सम्म
**१०. दरखास्त दिने स्थान** : श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडी, कास्की
**११. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता
**१२. परीक्षा दस्तुर** : रु. ७५०/- ( सात सय पचास रुपैयां )
**१३. सम्पर्क मिति** : २०८१/२/१३ गते
**१४. परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**१५. सम्पर्क** : ९८०४१२५७६१, ९८०४११४०९९

(पुनश्च : शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा रहेका उमेदवारहरुले विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिन भित्र दरखास्त दिनुपर्ने छ।)

प्रधानाध्यापक
**श्री भगवती आधारभूत विद्यालय**
पोखरा-२२, कालाबाङ घरेडी, कास्की



## कर्जा तिर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०१/२९ गते

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लि. साविक अमले बचत तथा ऋण सहकारी बाट घर जग्गा कर्जा शीर्षक अन्तरगत कर्जा उपयोग गर्नुहुने शेयर सदस्यहरुले उक्त कर्जाको तिनुपर्ने सावाँ, ब्याज, विलम्ब शुल्क र अन्य दस्तुर समेतको रकम कर्जा भुक्तानि तालिका बमोजिम भुक्तानि नगरी कर्जा लिने बेला भएको सम्झौता बमोजिम नियम पालना नगरेको तथा यस संस्थाको तर्फबाट भाखा नाघेको कर्जा नियमित रुपमा भुक्तानि गर्न गराउन बारम्बार मौखिक, फोन सम्पर्क तथा लिखित रुपमा ताकेता गर्दा समेत यहाले तिर्नुपर्ने सावाँ ब्याज विलम्ब शुल्क र अन्य दस्तुर भुक्तानि गर्न नआई कुनै चासो नदेखाई आल टाल गर्नुभएको र आफुले बुझाउनुपर्ने रकम नबुझाउनु भएको हुदाँ यो १५ दिने सर्वजनिक सुचना प्रकाशित गरीयको छ । यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सर्म्पक राखि तपाईले बुझाउनुपर्ने सम्पुर्ण रकम सावाँ ब्याज र अन्य दस्तुर बुझाउनुहोला । अन्यथा प्रचलित ऐन कानुन , सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, र यस संस्थाको विनियम र कर्जा निती बमोजिम छत्तिसौ दिनदेखि धितोमा रहेको अचल सम्पती लिलाम बिक्रीको प्रकृया अगाडी बढाई संस्थाले लिनुपर्ने सम्पुर्ण रकम असुल उपर गरिनुका साथै ऋणिलाई कालो सुचिमा राखिने व्योहोरा समेत यसै सुचना मार्फत जानाकारी गराईन्छ ।

कर्जा विवरण

| ऋणी तथा कर्जाको विवरण | फोटो | धनजमानी |
|---|---|---|
| नाम : जुठी दमिनी<br>ना.प्र.प्र.नं. २/२३४<br>जारी मिति २०४२।०१।०९<br>पतीको नाम : भुवाने दमाई<br>ससुरा : मंगले दमाई<br>ठेगाना : कास्की जिल्ला कृस्ती नाच्ने चौर गा.वि.स.वडा नं ३ आरनडाँडा<br>**धितोको विवरण:** ऋणी जुठि दमिनिको नाममा रहेको गण्डकी अञ्चल कास्की जिल्ला कृस्ती नाच्ने चौर गा.वि.स. वडा नं. ३ मा रहेको कित्ता नं. १९०, क्षेत्रफल ३-१०-१-१ रोपनिको जग्गा |  | श्री मिन बहादुर सेवा<br>श्री रेशम बहादुर परियार |
| नाम : शिव बहादुर ढकाल क्षेत्री<br>ना.प्र.प्र.नं. ४६१०२०/१२९<br>जारी मिति २०६४।०७।१५<br>बाबुको नाम : तोरण बहादुर ढकाल क्षेत्री<br>बाजेको नाम : कर्ण बहादुर ढकाल क्षेत्री<br>ठेगाना :कास्की जिल्ला पोखरा-१८ सराङ्कोट<br>ऋणको विवरण : सेयर धनजमानि |  | देवेन्द्र प्रसाद कोइराला |
| नाम : नारायण प्रसाद अर्याल<br>ना.प्र.प्र.नं.५३५५९<br>जारी मिति २०५६।०५।०९<br>बाबुको नाम : टिकाराम अर्याल<br>बाजेको नाम : खगुलाल अर्याल<br>ठेगाना : स्याङ्जा जिल्ला पुतलि बजार-१०<br>ऋणको विवरण : सेयर धनजमानि |  | सागर बराल<br>अनिस पहारी<br>हरी के.सी. |
| नाम : मिना कार्की<br>ना.प्र.प्र.नं. ३५१०२९/६६४<br>जारी मिति २०६९।१२।२२<br>बाबुको नाम : दुर्गा बहादुर क्षेत्री<br>ठेगाना : चितवन जिल्ला कल्यानपुर गा.वि.स. वडा नं ८<br>ऋणको विवरण : सेयर धनजमानि |  | गोमा बास्तोला<br>कृष्ण बहादुर थापा |
| नाम : उज्ज्वल गिरी<br>ना.प्र.प्र.नं. ४६३००४/१३९<br>जारी मिति २०६३।१०।२५<br>बाबुको नाम : निलकण्ठ गीरी<br>बाजेको नाम : रुन्द्र गीरी<br>ठेगाना :कास्की जिल्ला निर्मलपोखरी गा.वि.स वडा नं ५<br>ऋणको विवरण : सेयर धनजमानि |  | भरत प्रसाद सुवेदी<br>सन्तोष पहारी |
| नाम : अन्जना पौडेल<br>ना.प्र.प्र.नं. ५१०१६९०१८३९/१२९<br>जारी मिति २०६९।१२।०१<br>बाबुको नाम : दिर्ग नारायण पौडेल<br>बाजेको नाम : गंगाधर पौडेल<br>ठेगाना : पर्वत जिल्ला आर्थरडाँडाखर्क गा.वि.स. वडा नं ७<br>ऋणको विवरण : सेयर धनजमानि |  | सुजता पन्त |

**अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१७, छोरेपाटन, सर्म्पक नं. ०६१-४५६६४३



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००७/११/३० गते

स्वर्गारोहणः
वि.स. २०८१/०१/१७ गते

**स्वः मंगल बहादुर रानाभाट**

यस सत्य सेवा आमा समुहका सक्रिय सदस्य बस्यानी रानाभाटको पति तथा समुहका शुभचिन्तक सुशिला रानाभाट, अशोक रानाभाट र बुद्धिमान रानाभाटका पुजनीय बाबा एवम् सुनिता रानाभाट र भविसरा रानाभाटका ससुराबुबा **मंगल बहादुर रानाभाट** को ७४ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तब्ध भएको छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका-१३ बाँझापाटन